**नगर कार्यपालिका बैठक** **मितिः २०८०।४।१२ गते शुक्रवार**

**<u>प्रस्तावनाहरुः</u>**

१. नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

२. फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**निर्णय नं.१.** प्रस्ताव नं. १ माथि छलफल गर्दा इनरुवा नगरपालिकाको नगर स्तरीय दररेट निर्धारण समितिको मिति २०८०।४।१२ गतेको निर्णयबाट नगर दररेट निर्धारण गरी नगर कार्यपालिकामा सिफारिस भई आएकोमा उक्त नगर दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२.** प्रस्ताव नं. २ माथि छलफल गर्दा इनरुवा नगरपालिका वडा नं. ८ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा स्थानीयको बाधा विरोध पश्चात हाल इनरुवा नगरपालिकाको फोहोर व्यवस्थापन कार्य रोकिएको हुँदा उक्त केन्द्रलाई व्यवस्थित गरी संचालन गर्नको लागि तत्काल अति आवश्यक भौतिक संरचना निर्माण गर्नु पर्ने भएकोमा, ठेक्का प्रक्रिया मार्फत कार्य गर्दा लामो समय लाग्ने र फलस्वरुप फोहोरमैला व्यस्थापन जस्तो सम्बेनशील विषयमा बाधा पुग्ने भएकोले एघारौं नगरसभाबाट स्वीकृत बजेटको परिधि भित्र रहि उक्त कार्य उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलको निर्णय गरियो ।

क. मुस्लिम समुदायको मोहरम पर्वको अवसरमा विभिन्न वडामा आयोजना हुने कार्यक्रमहरुको लागि नगरको धार्म संस्कृति जगेर्ना शिर्षकबाट कट्टा हुने गरी तपसिल बमोजिमको रकम विनियोजन गर्ने ।

| वडा नं. | रकम रु. |
|---|---|
| १ | १०,०००।०० |
| २ | १०,०००।०० |
| ३ | १०,०००।०० |
| ४ | १०,०००।०० |
| ५ | १०,०००।०० |
| ६ | १०,०००।०० |
| ७ | १५,०००।०० |
| ८ | १५,०००।०० |
| ९ | ३०,०००।०० |
| १० | ३०,०००।०० |